**Scholars' Journal**
ISSN: 2645-8381
Published by Scholars' Association of Nepal
A Multidisciplinary Peer Reviewed, Open Access Journal
DOI : https://doi.org/10.3126/scholars.v5i1.55813
https://www.nepjol.info/index.php/scholars

# प्रभावकारी शिक्षण: नेपाली शिक्षामा अध्ययनरत विद्यार्थीका विचार

भागीरथा न्यौपाने
उप- प्राध्यापक, सानोठिमी क्याम्पस
सानोठिमी, भक्तपुर
Email: Bhagiratha.Neupane@sac.tu.edu.np

**Article History: Received: 2 Oct, 2022; Revised: 24 Nov, 2022; Accepted: 28 Nov, 2022**

## लेखसार

यस लेखमा कस्तो शिक्षण भयो भने नेपाली शिक्षा विषयका विद्यार्थीमा रुचि बढाउन सकिन्छ र उनीहरूले अपेक्षित सिकाइ उपलब्धि हासिल गर्दछन् भन्ने प्रश्नको जवाफ खोजिएको छ। विद्यार्थीहरू के चाहन्छन्, उनीहरूको विचारमा शिक्षकले कस्तो विधि र प्रक्रिया अपनाउँदा शिक्षण उपलब्धिमूलक हुन्छ भन्ने बारेमा उनीहरूलाई नै सोधेर, उनीहरूका विचार पहिचान गरी उनीहरूकै अनुभवका आधारमा प्रभावकारी शिक्षणका उपायहरू खोजी गर्नं यस लेखको मूल उद्देश्य रहेको छ। यहाँ गुणात्मक अनुसन्धानको घटना प्रतिक्रिया अध्य (फेनोमेनोलोजी) विधिको प्रयोग गरी अन्तर्वार्ताका माध्यमबाट सूचना सङ्कलन गरिएको छ। सहभागीहरूबाट आएका सूचनालाई छोटा-छोटा बुँदा बनाई (कोडिङ गरी त्यसलाई समूह विभाजन गरेर मुख्य शीर्षकमा पुगी विश्लेषण गरिएको छ यस अनुसन्धानले शिक्षकमा पर्याप्त विषयवस्तुको ज्ञान हुनुपर्ने, अन्तर क्रियात्मक कक्षामा विद्यार्थीको रुचि बढ्ने, अध्यापन गर्दा एकोहोरो विषयवस्तुका बारेमा मात्र बताउनुभन्दा समसामयिक, व्यावहारिक, तात्कालिक र स्थानीय प्रसङ्गका कुराहरू जोडेर विद्यार्थीमा अभिरुचि जगाउनु उपयुक्त हुन्छ भन्ने निष्कर्ष निकालेको छ यसका साथै शिक्षकले बेला-बेलामा आफ्नो शिक्षण क्रियाकलापको बारेमा पृष्ठपोषण लिँदै सुधारात्मक शिक्षण गर्नंपर्ने जस्ता महत्त्वपूर्ण कुराहरू सहभागीको तर्फबाट आएका छन् त्यसैले यस लेखले शिक्षण कार्यमा संलग्न शिक्षकहरूका साथै सरोकारवालाहरू सबैलाई सहयोग पुग्न सक्छ भन्ने अपेक्षा गरिएको छ

**मुख्य शब्दावली**: अन्तरक्रियात्मक कक्षा, निरन्तर मूल्याङ्कन, प्रोत्साहन, सिर्जनशीलता

## विषयप्रवेश

विद्यार्थीमा अपेक्षित उपलब्धि हासिल गराउन र उनीहरूमा संज्ञानात्मक मात्र नभई व्यावहारिक परिवर्तन पनि ल्याउनका लागि शिक्षण प्रभावकारी हुनु पर्दछ। शिक्षाको गुणस्तर र शिक्षणको प्रभावकारिताले विद्यार्थीको शैक्षिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछ । शिक्षण अथवा शिक्षकको सम्बन्धमा राम्रो, असल, आदर्श, प्रभावकारी, उदाहरणीय, उत्कृष्ट, उत्तम, महान, निपूर्ण, सफल,

*Copyright 2022 ©Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

गुणस्तरीय, उच्चस्तरीय तथा उपलब्धिमूलक (नासेर अबु अलहिजा, सन् २०१७) आदि जस्ता जुनसुकै पदावली प्रयोग भए पनि यिनीहरूले विद्यार्थीको सिकाइमा बढोत्तरी ल्याउने शिक्षणलाई नै बुझाउँछन् । विभिन्न शिक्षण संस्थाका साथै सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरू आदिबाट शिक्षकहरूका निम्ति शैक्षिक तालिम कार्यक्रम, विभिन्न गोष्ठी, सम्मेलन आदि सञ्चालन भइरहेका हुन्छन् त्रिभुवन विश्वविद्यालय (त्रि.वि.) लगायत विभिन्न विश्वविद्यालय, नेपाल सरकार शिक्षा तथा मानव स्रोत विकास केन्द्रअन्तर्गत पनि शिक्षकको पेसागत उन्नयन र विद्यार्थीको गुणस्तर वृद्धिसम्बन्धी विभिन्न कार्यहरू भइरहेका हुन्छन् यति हुँदा-हुँदै पनि विद्यार्थीको सिकाइ अपेक्षित रूपमा उपलब्धिमूलक भएको छैन (क्षेत्री, २०७७; खनिया, २०७५; ढकाल, २०७६, रौनियार, २०७८) ।

लेखक स्वयं विद्यार्थी र शिक्षक दुवै हुँदाका अनुभवमा कतिपय शिक्षकले अध्यापन गरिरहँदा 'कतिबेला कक्षा समय सकिन्छ' जस्तो हुने र कुनै शिक्षकले अध्यापन गर्दा 'कक्षा समय अझ भइदिए हुन्थ्यो' भन्दा भन्दै कक्षा समय सकिएका क्षणहरू पनि छन् शिक्षकको अध्यापन शैली र सिपको कौशलताका आधारमा उक्त शिक्षकको कक्षा कहिले आउला र केही नयाँ कुरा सिकूँला भन्ने जिज्ञासाकै कारण विद्यार्थीले रुचाएको शिक्षकको विषयमा राम्रो उपलब्धि हासिल गर्न सफल हुन्छन् यसरी शिक्षण कौशलकै कारणले गर्दा विद्यार्थीलाई कुनै विषय । पढ्न धेरै चाख लाग्ने र कुनै विषय हेर्ने मन नलाग्ने हुन सक्छ। केही तालिम कार्यक्रमहरूमा सत्रको अन्त्यतिर सहभागीहरूका प्रतिक्रिया लिने, सन्तुष्टि मापन गर्ने, आगामी सत्रको लागि पृष्ठपोषण लिने प्रचलन भए पनि हाम्रा शिक्षण संस्थाहरूमा नियमित प्रतिक्रिया लिने, पृष्ठपोषण प्राप्त गर्ने, त्यसका आधारमा सम्बन्धित विषय शिक्षकले आफ्नो शिक्षणमा सुधार ल्याउने प्रचलन खासै छैन। विद्यार्थीका राय र विचारले शिक्षकलाई शिक्षण सिकाइ प्रक्रियाका सबै भन्दा महत्त्वपूर्ण पक्ष (विद्यार्थी) का अपेक्षाहरू पूरा गर्न मद्दत पुर्याउँछ (सादेघी र बाबर, सन् २००९) । कतिपय लेखक तथा अनुसन्धानकर्ताहरूले विद्यार्थीहरूलाई तथ्यको प्रमुख स्रोत मानेर उनीहरूकै विचार र अनुभवका आधारमा मात्र गरिएका अनुसन्धानहरूलाई त्यति प्राथमिकता दिँदैनन् तर पनि विभिन्न देशहरूमा विभिन्न तरिकाबाट प्रभावकारिताको बारेमा विद्यार्थीहरूको अनुभव तथा मूल्याङ्कनका आधारमा गरिएका अनुसन्धानहरूका नतिजा विश्वसनीय र वैध छन् (को र अन्य, सन् २०१६) । शिक्षणलाई प्रभावकारी बनाउनका लागि शिक्षण सिकाइको केन्द्रबिन्दुमा रहने विद्यार्थीहरूका धारणा र उनीहरूका दृष्टिकोणको विशेष अर्थ हुने (हाण्डे र अन्य, सन् २०१४) भएको र भाषाशिक्षणका कक्षाकोठामा गरिने विभिन्न व्यवहारहरूबारे विद्यार्थीहरूका विचारको अध्ययनले शिक्षकलाई विभिन्न क्षमता र प्रकृतिका विद्यार्थीको बारेमा उपयोगी जानकारी प्राप्त हुन्छ (कोतेराल, सन् १९९९) भन्ने दृष्टिकोणका आधारमा यो अध्ययन गरिएको हो। यस्ता प्रकारका अध्ययन सबै विषयका शिक्षकहरूलाई अध्यापनमा सुधार गर्न, पाठ्यक्रमको लक्ष्य अनुरूप विद्यार्थीमा सिकाइ उपलब्धि हासिल गराउन, विद्यालय तथा विश्वविद्यालयका सम्बन्धित निकायहरूलाई उपयुक्त निर्णय लिनका लागि सहयोगी हुन्छन् भन्ने अपेक्षा गरिएको छ ।

## प्रभावकारी शिक्षण

प्रभावकारी शिक्षण एक सफल शिक्षकको ज्ञान, शिक्षण रणनीति तथा आचरणलाई जनाउन प्रयोग गरिने पदावली हो। यो महत्त्वपूर्ण सिपहरु सिकाउने, नयाँ अवधारणाहरू निर्माण गर्ने र कक्षाकोठाका अन्य व्यवस्थापकीय क्षमतासँग सम्बन्धित हुन्छ; जसले विद्यार्थीको शैक्षिक जीवनमा

सकारात्मक प्रभाव पार्ने क्षमता राख्दछ (को र अन्य सन् २०१६) प्रभावकारी शिक्षण र आदर्श शिक्षकसम्बन्धी विविध अध्ययनहरू भए पनि यसको बारेमा सही परिभाषा अहिलेसम्म हुन सकेको छैन (देवलिन र सामाविक्रेमा सन् २०१०) यसलाई विभिन्न विद्वानहरूले आ-आफ्नै तरिकाबाट परि भाषित गरेको पाइन्छ। शिक्षण प्रभावकारी हुनका लागि भौतिक तथा शैक्षिक वातावरण उपयुक्त हुनु आवश्यक छ प्रभावकारी शिक्षण एउटा यस्तो प्रक्रिया हो; जसमा शिक्षकले एकातिर पाठका उद्देश्यहरू सिकाउँछन् र त्यसलाई बुझ्छन् पनि भने अर्कोतिर विद्यार्थीहरूले रमाइलो वातावरणमा आनन्दको भावसँगै रचनात्मक रूपमा सिक्छन् (को र अन्य सन् २०१६) अध्यापनका क्रममा कक्षाकोठामा शिक्षकले हरेक विद्यार्थीको मूल्याङ्कन गर्दछन् भने विद्यार्थीले पनि शिक्षकको विषयवस्तुको ज्ञान, सिप, शिक्षण शैली आदिको मूल्याङ्कन गर्नका साथै एक अर्का विषय तथा उही विषयका शिक्षकका अध्यापन शैलीको पनि तुलना गरिरहेका हुन्छन् । शिक्षकहरूले नयाँ ज्ञान निर्माण गर्ने र विद्यार्थीहरूको विश्वास र बुझाइको स्तर वृद्धि गरी परिवर्तन गर्ने प्रक्रियालाई निरन्तर बढाउँदै लैजानुपर्दछ। सामान्यतया विद्यार्थीको नतिजा र शिक्षकका व्यवहार तथा कक्षाकोठाभित्रका क्रियाकलापहरूले विद्यार्थीमा लक्षित परिणाम प्राप्त गर्न उत्प्रेतित गर्दछन् भन्ने सन्दर्भमा केन्द्रित रहेर शिक्षणको प्रभावकारितालाई हेर्ने गरिन्छ (लुम्पकिन, सन् २०२०)। शिक्षणको प्रभावकारिता शिक्षकको रुचिमा पनि निर्भर रहन्छ किनकि विद्यालय तथा विश्वविद्यालयद्वारा तोकिएका पाठ्यक्रमलाई कक्षाकोठामा लागू गर्ने प्रमुख कर्ता शिक्षक हो। पढाइप्रति विद्यार्थीको चाख कम भएको परिणाम स्वरूप विद्यार्थीको सिकाइ उपलब्धि स्तर घट्दै जानुमा शिक्षक नै प्रमुख जिम्मेवार पक्ष मानिन्छ। त्यसैले शिक्षकको विषयवस्तुको ज्ञान र त्यसलाई पस्किने शैली, उनीहरूले प्रयोग गर्ने शिक्षण विधि र त्यसमा उनीहरूको सिप तथा शिक्षकका अन्य व्यवहार र क्रियाकलाप सम्बन्धि विद्यार्थीका धारणामा आधारित भएर यो अध्ययन गरिएको छ।

## पूर्वकार्य

सिकाइलाई प्रभावकारी बनाउन तथा विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न शिक्षक सबैभन्दा महत्त्वपूर्ण हुन्छ भन्ने कुरा विभिन्न लेख (कुँवर, २०७६ दाहाल, २०६६, देवकोटा, २०७७ शर्मा, २०७४ शिक्षक टिम, २०६७ क, शिक्षक टिम, २०६७ ख शिक्षा संसार, २०७६) हरूले सुझाएका छन् । ती लेखहरू शिक्षकप्रति विद्यार्थीहरूको अनुभूतिमूलक धारणासम्बन्धी सामान्य प्रकृतिका लेखहरू हुन् । परिमाणात्मक विधिअनुसार आन्तरिक मूल्याङ्कन प्रक्रियाप्रति विद्यार्थीका प्रतिक्रिया सङ्कलन गरी खनाल (२०७६) ले लेख प्रकाशन गरेका छन् यस लेखमा आन्तरिक मूल्याङ्कन सामाजिक, राजनीतिक लगायतका प्रभावबाट मुक्त हुन नसकेको निष्कर्ष निकालिएको छ ।

कोर्ताज र जिन (सन् १९९६) ले चिनिया विश्वविद्यालयका विद्यार्थीहरूमा सर्वेक्षण गर्दै असल शिक्षकका गुण के-के हुन् भनेर खोजी गरेका थिए, जसबाट उनीहरूले असल शिक्षकका ५ मुख्य गुणहरू (विषयवस्तुको गहिरो ज्ञान, धैर्यता, रसिकपन, उदाहरणीय नैतिक आचरण र मैत्रिपूर्ण व्यवहार) निरूपण गरेका थिए ।

जिन र कोर्ताजि (सन् १९९८) ले बेलायती र चिनिया विद्यार्थीहरूका आदर्श शिक्षकसम्बन्धी धारणाहरू केलाएका छन। यस अध्ययनबाट पश्चिमी र पूर्वीय संस्कृतिमा हुर्किएका विद्यार्थीमा शिक्षण र शिक्षक प्रतिको धारणामा अन्तर रहेको देखाइएको छ ।

को र अन्य (सन् २०१६) ले प्रभावकारी शिक्षणसम्बन्धी समीक्षा प्रतिवेदन तयार पारेका छन् यसमा उनीहरूले प्रभावकारी शिक्षणसम्बन्धी चर्चा गर्दै शिक्षकमा हुनुपर्ने विभिन्न गुणहरू र गर्नुपर्ने कार्यहरू सुझाउनुका साथै राम्रा शिक्षण संस्थाहरूले के-के गर्नुपर्छ भनेर पनि उल्लेख गरेका छन्

नासेर अबु अलहिजा (सन् २०१७) ले इन्टरनेट सर्वेक्षण मार्फत इजरायली विद्यार्थीहरूको राम्रो शिक्षणसम्बन्धी अवधारणाको परीक्षण गर्नका साथै विद्यार्थीका ती अवधारणा र उनीहरूको पृष्ठभूमिबिचको सम्बन्धलाई पनि केलाएकी छन् ।

चान (सन् २०१८) ले हङकङका उच्च शिक्षामा अध्ययन गर्ने विद्यार्थीहर ूसँग अर्ध संरचित अन्तर्वार्ताका माध्यमबाट गुणात्मक तथ्यांक लिएर प्रभावकारी शिक्षण र असल शिक्षकसम्बन्धी विशेषता पहिल्याएका छन् ।

लुम्पकिन (सन् २०२०) ले प्रभावकारी शिक्षण सिकाइसम्बन्धी पाँच चरणको चर्चा गरेका छन् । उनकाअनुसार शिक्षकहरूले सुरुमा आफ्नो विषयसँग सम्बन्धित सामग्रीको राम्ररी पूनरावलोकन र अध्ययन गर्ने, पाठका फाइदाको बारेमा विद्यार्थीहरूलाई स्पष्ट जानकारी गराउने, उनीहरूलाई सक्रिय सहभागी गराउँदै अन्तरक्रियात्मक कक्षा सञ्चालन गर्ने, सिकाइ उपलब्धिको मूल्याङ्कन गरेर विद्यार्थीहरूलाई उचित पृष्ठपोषण दिई उनीहरूको सिकाइलाई सुदृढ बनाउने र अन्त्यमा विद्यार्थीहरूले सिकेका ज्ञान र सीपको उपयोग तथा प्रयोग गर्ने जस्ता कार्यहरू उचित हुन्छ ।

प्रभावकारी शिक्षण सिकाइसम्बन्धी केही अनुसन्धानहरू भए पनि तिनीहरू प्राय परिमाणात्मक विधिअनुसार गरिएका छन् प्राय जसो यस्ता अनुसन्धान पश्चिमेली अनुसन्धाताहरूबाट उतैको परिवेमा नै गरिएको पाइन्छ। प्रभावकारी शिक्षणप्रति विद्यार्थीका दृष्टिकोण के-कस्ता छन् ? भन्ने सन्दर्भमा विद्यार्थीहरूका विचार पहिचान गरी उनीहरूका अनुभवका आधारमा तयार गरिएका अनुसन्धानमूलक लेखहरू नेपाली परिवेशमा खासै पाइँदैन यसर्थः यस लेखमा नेपालको सन्दर्भमा हाम्रा विद्यार्थीहरूको विचारमा कस्तो शिक्षण प्रभावकारी हुन्छ भन्ने कुरा पत्ता लगाउन खोजिएको छ ।

## अनुसन्धान विधि

घटना प्रतिक्रिया अध्ययन विधिले कुनै पनि समाजको यथार्थता त्यस समाजभित्र रहेका व्यक्तिका अनुभूति, धारणा, बुझाइ र व्याख्यामा आधारित हुन्छ भन्ने मान्यता राख्दछ। विद्यालय तथा विश्वविद्यालय पनि एउटा सानो समाज हो; जुन समाजका अभियन्ता र अगुवा भनेका शिक्षकहरू हुन् भने सम्पूर्ण विद्यार्थीहरू त्यो सानो समाजभित्रका महत्त्वपूर्ण सदस्यहरू हुन् विद्यार्थीहरूका जीवन्त अनुभूति अर्थात् अनुभवका आधारमा अर्थ र वास्तविकताको खोजी गरी समस्याको कारण पत्ता लगाउन गुणात्मक अनुसन्धानको फेनोमेनोलोजी अध्ययन विधि उपयुक्त हुन्छ (डेन्जिन र लिङ्कन, सन् २००५) डेन्जिन र लिङ्कनको विचारका आधारमा विद्यार्थीको अनुभवलाई केन्द्रविन्दुमा राखेर गरिने अध्ययनबाट विद्यार्थीहरूको दृष्टिकोण, अनुभूति, बुझाइ र व्याख्यामार्फत पर्याप्त विषयवस्तुको ज्ञान, सिप तथा शिक्षण शैलीको वास्तविकताका आधारमा प्रभावकारी शिक्षणको उपाय पत्ता लगाउन घटना प्रतिक्रिया अध्ययन (फेनोमेनोलोजी) विधि उपयुक्त हुन्छ

यो लेख तयार पार्न काठमाडौं उपत्यकाभित्रका छ वटा क्याम्पसबाट सूचना लिइएको छ । छ वटामध्ये प्रत्येक संस्थाबाट कम्तीमा एक जना पर्ने गरी आङ्गिक क्याम्पसको तर्फबाट दुई जना विद्यार्थी

र एउटा केन्द्रित समूह छनोट गरिएको छ भने सम्बन्धन प्राप्त क्याम्पसको तर्फबाट एक-एक जना पर्ने गरी तीन जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको छ । सम्भावनात्मक नमुना छनोट गर्दा अनुसन्धानको उद्देश्यअनुरूप आवश्यक सूचना नआउने हुनाले असम्भावनात्मक नमुना छनोटमार्फत सहभागी छनोट गरिएको हो। सहभागीहरूमध्ये नेपाली इतर मातृभाषी तीन जना छन् भने अन्य सबै नेपाली मातृभाषी छन् । साथै तीनजना छात्रहरू र बाँकी छात्रा रहेका छन् ।

यस लेखको तथ्य सङ्कलनको मुख्य साधन अन्तर्वार्ता रहेको छ अन्तर्वार्ता लिनुपूर्व छनोटमा परेका क्याम्पसमा सम्पर्क गरी त्यहाँ अध्यापनरत शिक्षकहरू मार्फत विद्यार्थीसँग सामान्य छलफल गरिएको छ। सामान्य परिचय, छलफल र कुराकानी पश्चात् तोकिएको समयमा अनुसन्धानका प्रश्न र उद्देश्यमा केन्द्रित रहेर लक्ष्यभन्दा बाहिर छलफल वा कुराकानी नमोडियोस् भनी केही अर्ध संर चनात्मक प्रश्नावली पनि निर्माण गरी सबै जनासँग एक पटकमा एक घण्टा तिस मिनेटदेखि दुई सभा दुई घण्टासम्मका लामा अन्तर्वार्ता लिइएको छ। अन्तर्वार्ता विभिन्न समय र चरणमा लिइएको छ उक्त अन्तर्वार्तालाई अडियो रेकर्डरको सहायताले रेकर्ड गरी प्राप्त सूचनालाई नेपाली भाषामा लिपिबद्ध गरिएको छ। अन्तर्वार्तामा आएका कुराहरू र सहभागीले अभिव्यक्त गरेका अनुभवहरू सुन्दै गर्दा त्यहाँको परिस्थिति, विद्यार्थीका अनुभव, उनीहरूको मनोविज्ञान, भावनात्मक उत्तेजना, आवेग लगायतका सबै कुराको साथै अनुसन्धानकर्ताको अवलोकनलाई पनि समेटेर टिपोट (मेमो लेखन) गरिएको छ ।

लिपिबद्ध गरिएका सूचना तथा तथ्यहरूमध्ये अनुसन्धानको लागि आवश्यक नभएका र दोहोरि एका कुराहरूलाई हटाई आवश्यक कुराहरू मात्र राखिएको छ। परिष्कृत सूचना प्राप्त भएपछि अर्को व्यक्तिका सूचनाका बिचमा बारम्बार तुलना विधि (चार्माज सन् २००६; ग्लासेर र स्ट्राउस, सन् २००६) र सूचनालाई पटक-पटक पढेर सामान्य आगमनात्मक विधि (थोमस, सन् २००६) को उपयोग गरी विश्लेषण गरिएको छ। यस लेखमा ब्राउन र क्लार्क (सन् २००६) को तथ्याङ्क विश्लेषणको प्रक्रिया (तथ्यलाई नजिकबाट नियाल्ने, कोड निर्माण गर्ने, कोडहरूको समूह विभाजन गर्ने, समूहको शीर्षक आवश्यक परे परिवर्तन तथा परिमार्जन गरी राख्ने र मुख्य शीर्षकको नामाकरण गर्ने) लाई अँगालिएको छ ।

यस अनुसन्धानको विषय सम्वेदनशील छ। शिक्षक तथा क्याम्पस प्रशासन लगायतप्रति सहभागीका अनुभूति तथा विचारका साथै उनीहरूका भोगाइ पनि राखिएका हुनाले यस अनुसन्धानका सहभागी र अन्तर्वार्ताको विषयसँग सम्बन्धित भएर आएका सम्पूर्ण क्याम्पस तथा शिक्षकको परिचय गोप्य राखिएको छ ।

## प्राप्ति र छलफल

प्रभावकारी शिक्षणका सम्बन्धमा नेपाली शिक्षाका विद्यार्थीहरूसँग गरिएका अन्तर्वार्ता र गहन कुराकानीबाट प्राप्त सूचना, जानकारी र तथ्यलाई आधार मानेर निर्मित विभिन्न बुँदाहरू र तिनीहरूको वर्गीकरण र एकीकरणमार्फत निकालिएका मूल प्राप्तिलाई तीन वटा मुख्य शीर्षक अन्तर्गत समेटेर (चित्र १.) यस खण्डमा छलफल गरिन्छ ।




चित्र २. सहभागीहरूबाट प्राप्त सूचनाका आधारमा बनेको विश्लेषणको खाका

## विषयवस्तुको पर्याप्तता र आधिकारिकता

शिक्षामा प्रभावकारिता ल्याउन सर्वप्रथम शिक्षकमा पर्याप्त विषयवस्तुको ज्ञान हुनु जरुरी छ । ब्रोस (सन् १९९६) ले सम्बन्धित भाषाको गहिरो र आधिकारिक ज्ञान हुनुपर्छ भन्ने कुराको समर्थन गर्दछन् । विषयवस्तुका सम्बन्धमा सहभागीहरूले अध्यापनरत केही शिक्षकका कुरालाई लिएर लेखकसँग गुनाको पोखेका छन् । सहभागी एक शिक्षकको विषयवस्तुका बारेमा यसो भन्छन्, 'विषयवस्तुको के कुरा गर्नं, तयारी नै हुन्न, (हाँस्दै) कन्फ्युज भएरै होला... गहिराइमा पुग्नुहुन्न।' विषयवस्तुकै सम्बन्धमा केन्द्रित समूहका सहभागीहरूको भनाइ यस्तो छः "विषयवस्तुप्रति शिक्षकको ज्ञान के-कति छ भन्ने कुरा उहाँको प्रस्तुति शैलीले नै देखाउने रहेछ, ... विषयवस्तु पस्कँदा विद्यार्थीको स्तर, रुचि र आवश्यकताको ख्याल गर्नंपर्ने हो प्रायजसो शिक्षकमा त्यो पाइँदैन।' यसबाट केही शिक्षकहरूमा विद्यार्थीको स्तर अनुरूपको विषयवस्तुमा तयारी नपुगेको र कक्षाकोठामा जानुपूर्व शिक्षकले योजना बनाएको देखिँदैन कोर्ताजी र जीन (सन् १९९६) को अध्यनले पनि शिक्षकमा विषयवस्तुको गहिरो ज्ञान हुनुपर्छ भन्ने कुरामा जोड दिएका छन् भने वादिलियो (सन् १९९९) का अनुसार भाषाशिक्षकमा सम्बन्धित भाषाको गहिरो दक्षता प्रमुख आवश्यकता हो ।

भाषा विषयका शिक्षकहरूले शिक्षण गर्दा विषयवस्तुको गहिराइका साथै व्याकरण, वर्णविन्यास तथा भाषा सम्पादनमा पनि ध्यान दिनुपर्दछ। विद्यार्थीहरू नेपाली भाषाशिक्षणका विभिन्न विधाहरूभन्दा व्याकरण पढ्न त्यति रुचि देखाउँदैनन् कतिपय भाषाशिक्षकहरू वर्णविन्यास तथा भाषा सम्पादनप्रति गम्भीर देखिँदैनन् व्याकरण शिक्षणसँग सम्बन्धित अनिवार्य नेपालीको काल र त्यसका पक्ष पढ्दा सहभागी दुईको अनुभव यस्तो छः 'सरले जहिले पनि किताबभित्र मात्र हेर्नंहुन्थ्यो। एकदिन सरले हाम्रा अगाडि किताब छोड्नुभएछ, त्यहाँ हेर्दा त काल र पक्षका परिभाषा, सुत्र र उदाहरण लेखिएको रहेछ, त्यही हेरेर हुबहु भन्नुहुँदो रहेछ ।' भाषाशिक्षकमा विषयवस्तुको गहिराइका साथै भाषिक शुद्धता र भाषासम्पादनको ज्ञान अनिवार्य कुराहरू हुन् । कुरिओस र इभ्रिपिडौ (सन् २०१३) ले भाषा विषय पढाउने शिक्षकमा पर्याप्त विषयवस्तुको ज्ञानका साथै आवश्यक शब्दभण्डारको ज्ञान, शुद्धोच्चारणको

क्षमता तथा व्याकरणसम्बन्धी पूर्ण ज्ञान आवश्यक पर्ने कुरा उल्लेख गरेका छन् । स्नातक तथा स्नातकोत्तर तहमा पनि शिक्षकले पाठको हुबहु पढेर सुनाउने गरेको पाइएको हुनाले यसलाई सम्बन्धित शिक्षकले सुधार गर्नपर्ने देखिन्छ भाषा विषय पढाउने शिक्षकमा शुद्धोच्चारण र शुद्धलेखन क्षमता हुनुका साथै विद्यार्थीले लेखेका कुरालाई शिक्षकले आवश्यक सम्पादन गर्न सक्ने सामर्थ्य राख्न सक्नुपर्दछ शुद्धलेखनका सम्बन्धमा सहभागी चार भन्छिन्, 'सरले श्यामपाटीमै कम लेख्नुहुन्छ,... दुई/चार कुरा लेख्नुभयो भने दुई/चारवटै गल्ती हुन्छन्, ।' यस्ता किसिमका समस्याहरू समाधान गर्नका लागि शिक्षक आफैं गम्भीर बन्नुपर्ने देखिन्छ

हाम्रा क्याम्पसहरूमा प्राध्यापनरत केही शिक्षकहरूको विषयवस्तुमा पर्याप्तता छैन भन्ने सहभागी तीनको कुरा यस्तो छः ... दैनिक पढाउन त आउनुहुन्न नै तर पढाउने विषयवस्तुकै बारेमा पनि थाहा हुन्न उहाँलाई त !' बासो (सन् २०००) तथा वुड्स र अन्य (सन् २०१२) का अध्ययनहरूले पूर्वीय सभ्यता र संस्कृति भएका मुलुकका विद्यार्थीहरूले शिक्षकलाई आदर्श व्यक्ति मान्दछन् र उनीहरूमा विषयवस्तुको गहिरो ज्ञान हुनुपर्छ भन्ने कुरा औंल्याएका छन्

**पाहुना / विशेषज्ञ शिक्षकको व्यवस्था**ः सबै शिक्षक पाठ्यांश भित्रका सबै विषयवस्तुमा पोख्त हुन सक्छन् अथवा कतिपय स्थानमा विशेष सिप र अनुभव प्राप्त शिक्षकले पाठलाई सहज र बोधगम्य बनाउन मद्दत गर्ने भएकाले यस्तो अवस्थामा पाहुना शिक्षक/विषय विज्ञको व्यवस्था गर्न सकिन्छ विषयवस्तु र अनुसन्धानका क्षेत्रमा राम्रा प्राध्यापकहरूलाई मासिक वा पाक्षिक रूपमा पाहुना शिक्षकककोे रूपमा बोलाई शैक्षणिक तथा अनुसन्धानसम्बन्धी अनुभव आदान-प्रदानको अन्तरक्रियात्मक कक्षाहरू राख्ने, नवीन प्रकारका खोजमूलक कार्यको विधि र तरिकाका सम्बन्धमा परामर्श लिने, साना-साना प्रकृतिका अनुसन्धान प्रस्ताव तथा लेख/रचनाका ढाँचा निर्माणमा सहयोग लिने आदिजस्ता कार्य गर्ने हो भने शिक्षण सिकाइमा अपेक्षित परिवर्तन हुन सक्छ विशेषज्ञ शिक्षकका सम्बन्धमा सहभागी पाँचको विचार यस्तो छः शिक्षकलाई सबै थाहा नहोला, एक-दुई क्लास जान्ने मान्छे बोलाएर सिकाउन लाउनु नि !'

अनुसन्धेय विषयमा आधारित भई अनुसन्धानको प्रकृति अनुसारका कार्यशाला गोष्ठी, शिक्षणका क्रममा कक्षाकोठाभित्र देखिएका समस्यामा आधारित कार्यमूलक अनुसन्धान आदि गर्न सिकाई विभागका शिक्षकहरूलाई ताजकी गराउन पनि पाहुना शिक्षकको महत्त्वपूर्ण भूमिका रहन्छ। यस्ता कार्यक्रमहरूको व्यवस्थाले सम्बन्धित विभागका शिक्षकहरूलाई अध्यावधिक हुन समेत मद्धत पुग्दछ भने विद्यार्थीलाई पनि केही नयाँ कुरा सिक्ने अवसर मिल्छ

## शिक्षण विधि र क्रियाकलाप

**नवीन विधि र प्रविधिको प्रयोग**ः सूचना प्रविधिको तीव्र वृद्धि तथा आधुनिकीकरणको प्रत्यक्ष प्रभाव समाज तथा विद्यालय र विश्वविद्यालयमा पर्दछ। परिवर्तित समयसँगै आएका नयाँ-नयाँ ज्ञान, सिप तथा विधि, प्रविधि आदिको नवीतम् जानकारी शिक्षकमा हुनु आवश्यक छ। शिक्षक नयाँ-नयाँ ज्ञान, सिप तथा विधि, प्रविधिमा जानकार नरहेको अवस्थामा उसको शिक्षण प्रभावकारी हुँदैन । सहभागीहरूको विचारमा उच्च शिक्षाका विद्यार्थीलाई हिसाब र सूत्रसम्बन्धी कुराहरूबाहेक सबै विषयवस्तुका महत्त्वपूर्ण बुँदाहरूको स्लाइड बनाइ प्रोजेक्टरको माध्यमबाट पढाउने र इन्टरनेटको प्रयोग गरी नयाँ-नयाँ

कुराको खोज गर्न सिकाउने, कहिलेकाहीँ इ- पुस्तकालयमा सामग्री खोज्न लगाई त्यसका बारेमा समूहगत छलफल गराउने शिक्षकको शिक्षण विधि सफल र प्रभावकारी हुन्छ। सूचना प्रविधिको उपयोग गर्दा विषयवस्तु बुझाउन र अनलाइनमा सामग्री खोज्न सहज हुन्छ । श्रव्य दृश्य सामग्रीको माध्यमबाट भाषाशिक्षणमा भाषिक सिपका साथै शिक्षण सिप र शैली सिकाउन मद्धत पुग्दछ । प्रविधिको प्रयोगसँगै जोडेर विशेषज्ञ शिक्षकका सम्बन्धमा केन्द्रित समूहले उठाएको कुरा पनि निकै गम्भीर र मननयोग्य रहेको छ । सहभागी छ भन्छिन्, 'सरमा विषयवस्तु र प्रविधिसम्बन्धी राम्रो ज्ञान छ तर प्रयोग चाहिँ गर्नँहुन्न, कक्षामा स्लाइड पनि हुन्न, साह्रै अल्छी लाग्छ घण्टी बिताउन।' कुरिओस र इभ्रिपिडी (सन् २०१३) का अनुसार शिक्षण प्रविधिमा नयाँपन ल्याउन शिक्षकले आइसिटीको प्रयोगका साथै विद्यार्थीलाई गराउने क्रियाकलापहरू नयाँ-नयाँ तरिकाबाट तयार पारी उनीहरूलाई पनि इन्टरनेटका विभिन्न माध्यमको उपयोग गर्दै समूहगत तथा व्यक्तिगत कार्यमा सहभागी हुन प्रोत्साहन दिनुपर्दछ

ल्यापटप, अनलाइन सिकाइ र इमेलका सम्बन्धमा केन्द्रित छलफल समूहका सहभागीहरूले कुनै विषय पढ्दाको अनुभव यसरी सुनाएः 'नेपाली विषय पढाउने कतिपय शिक्षकलाई अनलाइन सिकाइ र इमेलका के कुरा गर्नँ, ल्यापटप खोल्न पनि आउँदैन; एकदिन सुरेन्द्र सर (परिवर्तित नाम) ले अरूलाई नै टाइप गर्न लगाई ल्यापटप लिएर आउनुभएछ; ल्यापटप हामीले नै खोलिदिएका, सामग्री उस्तै भद्रगोल ।' यसैगरी सहभागी छ को पनि प्रविधिका सम्बन्धमा उस्तै कुरा आएको छ, 'विषय शिक्षकलाई आफूले पढाउने पाठ्यक्रमभित्र कस्ता पाठ्यवस्तु छन् ? त्यसलाई प्रविधिसँग कसरी जोडेर पढाउने भन्ने कुराको ज्ञान त छैन भने प्रयोग गर्ने त कुरै भएन ।' अध्यापनरत कतिपय शिक्षकहरूमा प्रविधिसम्बन्धी सामान्य ज्ञान पनि छैन भन्ने बुझिन्छ। पुराना शिक्षक नयाँ जति प्रविधिमैत्री छैनन् (मगर, २०७९) तर शिक्षकले आफ्नो पेसागत जिम्मेवारी बहन गर्नका लागि समयनुसार अध्यावधिक हुनु अत्यावश्यक हुन्छ ।

बढ्दो विश्वव्यापीकरण र सूचना प्रविधिको विकाससँगै भाषाशिक्षणका क्षेत्रमा नयाँ-नयाँ विधि र प्रविधिको विकास हुँदै आएको छ। समयको मागअनुसार शिक्षणमा नयाँपन भित्र्याएर त्यसप्रति विद्यार्थीलाई प्रोत्साहन गर्नका लागि सर्वप्रथम शिक्षकको शिक्षण कला र प्रविधिको आवश्यक मात्रामा प्रयोगले महत्त्वपूर्ण भूमिका खेल्छ। यसका लागि शिक्षक आफैँ पनि अधावधिक हुँदै जानुपर्ने हुन्छ । प्रविधिको प्रयोगका सम्बन्धमा सहभागी तीनको एउटा विषयको सकारात्मक अनुभव यस्तो छ :

> 'नेपाली शिक्षाको एउटा विषयमा केही सन्दर्भ सामग्री सहितका स्लाइड प्रस्तुतीकरण गर्दै पढाउनुहुन्छ, असाइन्मेन्टको पृष्ठपोषण दिई सुधार गरेर मात्र बुझाउन सुझाउनुहुन्छः पाठसँग सम्बन्धित अनलाइनमा सामग्री खोज्न सिकाउनुका साथै सम्बन्धित सामग्री र स्लाइड इमेल पनि गर्नँहुन्छ र केन्द्रीय पुस्तकालयमा पनि हामीलाई जोड्नुभएको छ तर अन्य विषयको शिक्षण चाहिँ परम्परागत नै हो ।'

नेपाली शिक्षामा विद्यार्थीको तर्फबाट धेरै नकारात्मक कुराहरू आइरहेको अवस्थामा यस किसिमको सकारात्मक अनुभूतिले नेपाली शिक्षाका शिक्षकको मनोवल उच्च रहने मात्र नभई विद्यार्थीको रुचि र पाठ्यक्रमको मर्मअनुरूप अध्यापन गर्ने केही शिक्षकहरूबाट हामीले प्रेरणा लिँदै आफ्नो शिक्षणमा सुधार ल्याउनु जरुरी छ ।

**समसामयिक घटनाको बारेमा छलफल**ः शिक्षण सिकाइका क्रममा विषयवस्तुको ज्ञानका साथै समसामयिक घटनाहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् विद्यार्थीलाई विषयवस्तुको ज्ञानमात्र प्रदान गरियो भने कक्षा पनि रुचिकर नहुन सक्छ त्यसैले शिक्षकले कक्षाकोठामा अध्यापनका क्रममा तहसँग सम्बन्धित समसामयिक घटना तथा गतिविधि, सान्दर्भिक सूचनाहरूका बारेमा पनि छोटो समय निकालेर छलफल तथा अन्तरक्रिया गराइयो भने विद्यार्थीले महत्त्वपूर्ण सूचना पाउँछन्। सहभागी चारका अनुसार स्नातक तहमा अध्यापन गर्ने एक जना शिक्षकले विषयवस्तुका साथै समसामयिक बहस, बाहिरी कुराको जानकारीसँगै शिक्षालाई जीवनोपयोगी बनाउने कुरा जोड्दै पढाउनुहुन्थ्यो; कक्षा पनि रुचिपूर्ण हुन्थ्यो तर अहिले एकजना सर हुनुहुन्छ, विषयवस्तुमा राम्रो भए पनि धाराप्रवाह रूपमा एकोहोरो पढाउने, उहाँको कक्षामा त टाउको भारी भए झैँ हुन्छ ।

शिक्षकमा पर्याप्त विषयवस्तु छ भन्दैमा एकोहोरो खन्याउन खोज्दा पनि विद्यार्थीले रुचाउँदैनन् ; समसामयिक बहसका प्रसङ्ग जोड्दै कक्षालाई अन्तरक्रियात्मक बनाइयो भने रुचि जाग्छ । समसामयिक बहसको सम्बन्धमा सहभागी एकको अनुभव फरक छ :

> समसामयिक सन्दर्भका कुरा पनि कुनै-कुनै शिक्षकले जोड्नुहुन्छ। कसैको प्रवचन, कसैको लेख आदिलाई लिएर सिर्जनशील र अनुसन्धानात्मक तरिकाले विश्लेषण गर्दै विषयवस्तु र जीवनसँग जोडे त कति राम्रो हुने थियो तर त्यसो चाहिँ आजसम्म कसैबाट पाइएको छैन ।

अध्यापनको विषयवस्तुसँग जोडेर समसामयिक छलफल गर्दा विद्यार्थीमा सकारात्मक प्रभाव पर्नका साथै उपलब्धिमूलक पनि हुन्छ तर अनावश्यक बाह्य सन्दर्भको गफले शिक्षक र विद्यार्थी दुवैको महत्त्वपूर्ण समय खेर जान सक्छ ।

**प्रयोगात्मक तथा अन्तरक्रियात्मक कक्षा**ः नेपाली भाषाशिक्षण सम्बन्धी विभिन्न विषयका पाठ्यक्रमहरू तल्ला तहमा प्रयोगात्मक प्रकृतिका रहेका तथा माथिल्ला तहमा अनुसन्धानमूलक, , प्रयोगात्मक, अन्तरक्रियात्मक र कुनै-कुनै विषयहरू व्यावहारिक प्रयोगसँग पनि सम्बन्धित छन् बार्कले र मेजर (सन् २०१८) ले अन्तरक्रियात्मक शिक्षणलाई लक्षित सिकाइ उद्देश्य प्राप्त गर्न सावधानीपूर्वक चयन गरिएका सक्रिय सिकाइ विधिहरूसँग संलग्न प्रस्तुतीकरणहरू संयोजन गर्ने प्रक्रिया भनेर परिभाषित गरेका छन् (पृ.१६) प्रयोगात्मक अभ्यासका सन्दर्भमा सहभागी एक गम्भीर हुँदै भन्छन्, 'पाठ्यक्रमको उद्देश्य विद्यालय र विश्वविद्यालय तह दुवैमा पूरा भएका छैनन... व्यावहारिक पाटो निकै चुकेको देखिन्छ; पाठ्यक्रम अनुरूप शिक्षक अगाडि बढेका छैनन् ।' अन्तर्क्रियात्मक व्याख्यानले विद्यार्थीहरूलाई विश्लेषण, मूल्याङ्कन र सिर्जना मार्फत उच्चतम तहको सिकाइमा संलग्न गर्दछ (क्राथवो हल, सन् २००२) कक्षाकोठामा बढी मात्रामा सैद्धान्तिक रूपमा मात्र विषयवस्तुको ज्ञान दिने, सिकारुलाई परीक्षामुखी बनाउने, प्राप्ताङ्कलाई नै उपयुक्त सिकाइ उपलब्धि र गुणस्तरीय शिक्षा मान्ने सोच विधमान छ यस्तो सोचबाट प्रभावित अधिकांश शिक्षकहरूले छलफल र अन्तरक्रिया गराउँदैनन् ।

सहभागी एकका अनुसार, 'शिक्षकले आफूले पढाएको विषयवस्तुमा बुझाउन सके नसकेको कुरा परीक्षण गर्ने; सिकारूका समस्या पत्ता लगाई समाधान खोज्ने; आफ्ना कमीकमजोरी सच्याउँदै सुधार गर्ने, विषयवस्तुको गहिराइमा पुगेर चिन्तन, बहस र छलफल गर्ने परिपाटी नेपाली शैक्षिक क्षेत्रमा छैन।' ब्रुकफिल्ड (सन् २०१५) ले विद्यार्थीलाई कसरी सिकाउने र कसरी अन्तरक्रियात्मक

क्षमता वृद्धि गर्ने भन्ने कुरामा शिक्षक बढी कुशल हुनुपर्ने कुरामा जोड दिएका छन् यसै सम्बन्धमा सहभागीहरूको भनाइ यस्तो छः 'शिक्षकले पढाउँदा कुनै- कुनै शीर्षकमा केही प्रश्न सोध्न बाहेक समूहगत रूपमा कुनै विषय दिई कक्षामै छलफल हालसम्म गराएका छैनन् कहिलेकाहीँ समूहगत रूपमा असाइन्मेन्ट चाहिँ दिनुहुन्छ तर अरूको सुझाव त के एक जना शिक्षक बाहेक विषय शिक्षकबाट नै पृष्ठपोषण पाइएन।' यस्ता प्रकारका गुनासो सहभागीहरूको मात्र होइन आम विद्यार्थीहरूकै रहेको पाइन्छ । सेमेस्टर प्रणालीको मर्मअनुरूप कक्षाकोठाको व्यवहार हुन सकेको देखिँदैन ।

चार वर्षे बी. एड्. लगायत एम्. एड्. को सेमेस्टर प्रणाली दुवै तहमा एक शैक्षिक सत्रको लागि अभ्यास शिक्षणको प्रयोगात्मक कक्षा राखिएको छ दुवै तहमा वार्षिक कार्यपात्रो, वार्षिक कार्य तालिका, एकाइ योजना, शैक्षिक सामग्री सहित दैनिक पाठ योजना बनाउन लगाइ प्रस्तुति गराइन्छ। लघु शिक्षण गर्दा कम्तीमा दुई पटक र सहपाठी शिक्षणमा कम्तीमा चार पटकसम्म अध्यापन गराउनु पर्ने, सबै प्रकृतिका प्रश्न निर्माण गर्न र कार्यमूलक अनुसन्धा गर्न सिकाउने पाठ्यक्रमको लक्ष्य रहेको छ। यसका साथै समग्र प्रतिवेदनको लेखन प्रारम्भ गर्न लगाउँदै शिक्षणको अभ्यास दैनिक कक्षा समयमा नै गराउने गरी पाठ्यक्रम निर्माण गरिएको भए पनि अधिकांश क्याम्पसहरूमा नियमानुसार गरिएको पाइँदै न। कतिपय क्याम्पसहरूमा विद्यार्थी र शिक्षक दुवै पक्षलाई अभ्यास शिक्षणको प्रयोगात्मक कक्षा कसरी गर्ने भन्ने कुरा थाहा नभएको हुनाले पुरानै तरिकाबाट गरिएको बताउँछन् यस सम्बन्धमा सहभागी तीनको अनुभव यस्तो छः 'चौथो वर्षमा शिक्षण अभ्यासको लघु शिक्षणपछि स्कुलमा गएर पढायौँ, खै सहपाठी शिक्षण गरिएन, प्रश्न तथा रिपोर्ट पनि खासै बनाएनौँ हामीले।' उनले पुरानै तरिका अनुसार लघु शिक्षण सकेर वास्तविक शिक्षणमा पठाइएको, तयार पार्नंपर्ने प्रतिवेदन नबनाउँदा पनि आन्तरिक र बाह्य दुवै सुपरिवेक्षकद्वारा अङ्क प्रदान गरिएको भन्ने कुरा बताएका छन् यसैगरी उनी अझ थप्छन्, 'सबै कार्य पूरा नगर्नेलाई वास्तविक शिक्षणमै नपठाए पो विद्यार्थीलाई लघु शिक्षण र सहपाठी शिक्षण तथा आवश्यक सामग्री तयार पार्ने कार्य अनिवार्य हो भन्ने थाहा हुन्छ, शिक्षकले विद्यार्थीको प्रयोगात्मक कक्षा र कार्य नहेरी होलसेलमा नम्बर दिएको देख्दा दुःख लाग्छ।' विद्यार्थीले शिक्षकलाई उचित मूल्याङ्कन नगरी हचुवाका भरमा प्रयोगात्मक कार्यको अङ्क दिइएको भन्ने आरोप लगाएका छन् यस सम्बन्धमा विद्यार्थीको पनि प्रयोगात्मक कार्य गर्न अल्छी गर्ने प्रवृत्ति बढ्दो देखिन्छ। प्रयोगात्मक कार्यका सम्बन्धमा सहभागी चारको विचार यस्तो छः

> विषय शिक्षक र आन्तरिक सुपरिवेक्षकलाई फोन गरेकै भरमा बाह्य परीक्षक आउँदा मात्र सामग्रीसहित पढाउन जाने, सबै प्रतिवेदनहरू अरुको सार्ने वा टाइप गर्ने ठाउँबाट किनेर बुझाउने धेरै नै छौं, अहिले नाम भन्न मिल्दैन .... तर उनीहरूकै नम्बर बढी आउँदो रहेछ; हामी परिश्रम गर्नेको त्यति राम्रो छैन ।

त्रिविअन्तर्गतका प्रायजसो क्याम्पसहरूमा शिक्षण अभ्यास लगायत अन्य प्रयोगात्मक कार्यहरू पाठ्यक्रमको उद्देश्यअनुरूप सञ्चालन गरिएको छैन भन्ने कुरा यस अनुसन्धानमा संलग्न सबै सहभागीहरूको तर्फबाट आएको छ । त्यसकारण विभिन्न क्याम्पसहरूमा भइरहेका क्रियाकलाप तथा गतिविधिहरू र त्यसको वास्तविकता पत्ता लगाई समस्या समाधान गर्न त्रिविको डीन कार्यालयले सक्रियताका साथ कदम चाल्नुपर्ने देखिन्छ ।

**सिर्जनशीलता र निरन्तर अभ्यास**ः शिक्षण पेसा जागिर खाने र दैनिक व्यवहारमा आर्थिक सहयोग पुर्याउने माध्यम मात्र नभएर सिर्जनशील तथा अध्ययनशील बन्न सिकाउने पनि हो । सिर्जनशीलताले हामीलाई रचनात्मक सिप र विचारको गहिराइमा पुर्याउन मद्दत गर्दछ। नयाँ-नयाँ सिर्जनाको भोक सर्वप्रथम शिक्षक तथा प्राध्यापकमा जाग्न सक्नुपर्छ र मात्र हामीले विद्यार्थीलाई पनि सिर्जनशील बनाउन सक्छौँ। सिकाइमा सिर्जनात्मक प्रयोग र शिक्षकको भूमिकालाई उच्च मूल्याङ्कनका लागि चीनिया उखान छ, शिक्षक उड्यो भने विद्यार्थी दौडिन्छ, शिक्षक दौडियो भने विद्यार्थी हिँड्छ, शिक्षक हिँड्यो भने विद्यार्थी बस्छ, शिक्षक बस्यो भने विद्यार्थी सुत्छ, शिक्षक सुत्यो भने विद्यार्थी मर्छ (राई, २०७७) शिक्षकले सैद्धान्तिक प्रकृतिका पाठ्यक्रमहरूलाई पनि व्यावहारिक, प्रयोगात्मक, अन्तरक्रियात्मक तरिकाले कक्षा सञ्चालन गर्दै समूहगत र व्यक्तिगत कार्यक प्रस्तुतीकरण समेत गराउँदै पठनपाठन गरियो भने र एउटै विषयवस्तुलाई पनि विभिन्न दृष्टिकोणबाट विश्लेषण गर्न सिकाइयो भने विद्यार्थीहरू स्वतः सिर्जनशील हुन्छन् विद्यार्थीको रुचि र विश्लेषणात्मक क्षमता, कक्षागत व्यवहार, कक्षा सहभागिता र कक्षा प्रस्तुति, परियोजना कार्य, प्रयोगात्मक कार्यले उनीहरूमा देखिएको व्यावहारिक परिवर्तन, सिर्जनात्मक कार्य, हाजिरी र प्रश्नोत्तर आदिको समग्र मूल्याङ्कनका आधारमा शिक्षकले समग्र पक्षको विवरण राखेर पृष्ठपोषण दिँदै विद्यार्थीको सिर्जनशील क्षमता वृद्धि गर्नँपर्दछ तर शिक्षक तथा प्राध्यापकहरूले त्यसरी विवरण राखेर पृष्ठपोषण दिएको र विद्यार्थीहरू उच्च शिक्षामा आइपुग्दासम्म शिक्षकको प्रेरणास्वरूप सिर्जनशील बनेको पाइएन। यसै सन्दर्भमा सबै सहभागीहरूले आफूहरूलाई स्नातकोत्तर तहका सेमेस्टरका कक्षामा पनि सिर्जनात्मक कार्य गर्न लगाई पृष्ठपोषण दिइएको अनुभव छैन भन्ने कुरा सुनाए ।

स्नातकोत्तर तहका प्राय सबै विषयका पाठ्यक्रममा परियोजना कार्य, प्रयोगात्मक कार्य र अनिवार्य कक्षा प्रस्तुति गर्नँपर्ने कुरा तोकिएको छ तर हाम्रा कक्षाकोठामा त्यसको प्रयोग भने न्यून मात्र भएको पाइन्छ; जुन कुरालाई सहभागीहरूका भनाइले नै पुष्टि गरेका छन्। त्यसैले शिक्षकले विद्यार्थीलाई सिर्जनात्मक र अनुसन्धानात्मक कार्यमा निरन्तर अभ्यास गर्न लगाई सही र निस्पक्ष मूलयांकन गर्नँ आवश्यक छ ।

**सही मूल्याङ्कन र प्रोत्साहन**ः विद्यार्थीको सिकाइ स्तरलाई क्रमशः अभिवृद्धि गर्दै लैजानका लागि अपनाइने नियमित लेखाजोखाको प्रक्रिया मूल्याङ्कन हो। विद्यार्थीको सिकाइ स्तर, सिकाइका कारण उनीहरूको व्यवहारमा आएको परिवर्तनको लेखाजोखा गर्न तथा बोध र अभिव्यक्ति क्षमताको विकास आदिका लागि निरन्तर मूल्याङ्कनको आवश्यकता पर्दछ। प्रत्येक विषयका शिक्षकले विद्यार्थीको निरन्तर मूल्याङ्कन गरी आवश्यक मात्रामा सकारात्मक पृष्ठपोषण प्रदान गर्दै अभ्यासात्मक कार्यहरू जस्तैः कक्षाकार्य, गृहकार्य, समूहगत तथा परियोजना कार्य गर्नका लागि हौसला र प्रोत्साहन दिइयो भने सिकाइ उपलब्धि पनि अपेक्षाकृत हुन्छ तर सहभागी दुईका अनुसार 'कक्षाप्रस्तुतिभन्दा बाहेक कुनै पनि विषयमा असाइन्मेन्ट बुझाएपछि त्यसको सुझाव / पृष्ठपोषण तथा प्रोत्साहन केही नै पाइएन र त्यसलाई कसरी गर्दा उपयुक्त हुने हो भन्ने कुरा पनि थाहा छैन, गरेर बुझाइयो सकियो त होला नि !' यस भनाइबाट सेमेस्टर प्रणालीमा हरेक विषयको आन्तरिक मूल्याङ्कन भए पनि निरन्तर मूल्याङ्कन गरिएको र मूल्याङ्कनका आधारमा पृष्ठपोषण तथा हौसला नदिइएको कुरा स्पष्ट हुन्छ ।

स्नातकोत्तर तहको सेमेस्टर प्रणालीमा ४०% आन्तरिक मूल्याङ्कन (आ.मू.) राख्नुको मूल उद्देश्य पनि विद्यार्थीको निरन्तर मूल्याङ्कन गरी आ.मू. प्रति र उनीहरूले गरेको कार्यमा हौसला प्रदान गर्दै नयाँ-नयाँ अनुसन्धानमा संलग्न गराउनका लागि प्रोत्साहन गर्ने हो। नवीन प्रकृतिका अनुसन्धानमूलक कार्यलाई प्राथमिकताका साथ प्रोत्साहन गरिनुपर्दछ नेपाली शिक्षाका विभिन्न आन्तरिक मूल्याङ्कन कार्य गर्दा पुरानै तरिका अपनाउन सुझाव दिने शिक्षकहरूप्रति सहभागी एक र तीनको गुनासो रहेको कुरा लेखकसँगको कुराकानीमा बताएका छन् जुनसुकै तहका विद्यार्थी भए पनि आफूले गरेको नवीन कार्यप्रति सहपाठी, अग्रज तथा गुरुहरूको प्रोत्साहनले उसलाई अझ राम्रा कार्य गर्ने प्रेरणा मिल्दछ सम्बन्धित विषय शिक्षकको तर्फबाट शिक्षण सिकाइ तथा अनुसन्धानका क्रममा आउने नवीन कार्यप्रति प्रोत्साहन दिइयो भने विद्यार्थीको सिकाइ उपलब्धिमा सकारात्मक परिवर्तन देखा पर्न थाल्दछ ।

स्नातकोत्तर तहको आन्तरिक मूल्याङ्कनप्रति विद्यार्थी सन्तुष्ट छैनन् दश-दश पूर्णाङ्कको तीनवटा आन्तरिक मूल्याङ्कन (आ. मू.) को अङ्कनमा पनि कतिपय शिक्षकहरूप्रति विद्यार्थी रुष्ट देखिन्छन् विद्यार्थीको उचित मूल्याङ्कन नै नगरी आ. मू को अङ्क प्रदान गरिएको, कक्षाप्रस्तुति नगरेका विद्यार्थीलाई कक्षा प्रस्तुतिमा अङ्क प्रदान गरिएको तथा कक्षाकोठामा उपस्थित नै नहुनेलाई उपस्थितिमा अङ्क प्रदान गरिएको कुराका उदाहरण दिँदै आङ्गिक क्याम्पसका विद्यार्थीहरूले शिक्षक तथा विषयको नाम नै तोकेर शिक्षकहरूमा व्यक्तिगत र राजनीतिक प्रभाव परेको आरोप लगाएका छन्। यस सन्दर्भमा सहभागी चार भन्छिन् : अब, (लामो सास फेर्दै) के भन्नु मेम ! ... साथीहरूलाई एकदिन क्याम्पसमा देखिएन, कक्षाप्रस्तुति र हाजिरीको त कुरै नगरौं, तेस्रो असाइनमेन्टको परीक्षामा आएकै होइनन्, पहिलो र दोस्रो असाइन्मेन्ट बुझाएकोमा पनि सङ्क छ तर .... . सरले इन्टर्नल मार्क चाहिँ टन्नै दिएछन् ।' यसैगरी आ. मू. कै सन्दर्भमा सामुदायिक क्याम्पसको तर्फबाट सहभागी छ ले अझ गम्भीर कुरा बताइन् उनको भनाइ अनुसार '... मेडम त आजकाल खै कता व्यस्त हुनुहुन्छ रे, पढाउन खासै आउनुहुन्न हामीलाई त ... विषयको एउटा पनि असाइन्मेन्ट दिनुभएन।' यो कुरा सुनेर अनुसन्धानकर्ता छक्क पर्दै अनि दोस्रो सेमेस्टरमा एउटै आ. मू. कार्य गर्नुभएन त ? कसरी अङ्कन गर्नुभयो भनेर सोध्नुभएन मेडमलाई भनी प्रश्न गर्दा उनी भन्छिन्, 'त्यो त सोधेनौँ मेम ! असाइन्मेन्ट भनेको त सामान्य नै रहेछ नि नगर्दा नि परीक्षा दिइयो र पास पनि भइयो, हामीलाई यसपाली चाहिँ दिनुहुन्छ होला।' उपत्यकाभित्रका क्याम्पसमा पनि विद्यार्थीको सिकाइ उपलब्धिको आन्तरिक रूपमा के-कसरी मूल्याङ्कन गरिँदै छ ? पाठ्यक्रमको उद्देश्य अनुरूपका प्रयोगात्मक कक्षाहरू भएका छन् कि छैनन् भनी कहीँ कतै कुनै पनि प्रकारले अनुगमन भएको छैन ।

पहिलो अन्तर्वार्तामा सहभागीहरू यस सम्बन्धमा बोल्न डराएझैँ गरे पनि एक/दुई पटकको भेटघाट र कुराकानीपछि केही शिक्षकले विद्यार्थीलाई गर्ने व्यवहारका कुरा गर्ने क्रममा शिक्षकको बिरोध गरियो भने अन्य आ. मू. कार्य, अभ्यास शिक्षण, विभिन्न प्रयोगात्मक परीक्षा आदिमा कम अङ्क आउँछ; हामीप्रति शिक्षक बायस हुनुहोला भन्ने डरले त्यसका बारेमा बोल्न नसकेको बताएका छन् मूल्याङ्कन र प्रस्तुतीकरणकै सवालमा केन्द्रित छलफल समूहका विद्यार्थीहरूको अनुभव यस्तो छः

> प्रत्येक विद्यार्थीको के-कस्तो क्षमता छ ? भन्ने कुरै पत्ता नलगाई कुनै लेखबाट सारेर ल्याई थरथर काप्दै सस्वर वाचन गरेर सुनाइएको असाइन्मेन्टको प्रस्तुति गर्दा दशमा नौ दिन्छु भन्नु कत्तिको जायज छ, मेडम् !... यस तहमा आएर विद्यार्थीको क्षमता योग्यताको कदर नहुँदा दुःख लाग्छ ।

मूल्याङ्कनप्रति शिक्षक गम्भीर नहुँदा विद्यार्थीलाई प्रोत्साहन मिल्नुको सट्टा हतोत्साही बनाएको देखिन्छ त्रि.वि. को स्नातकोत्तर तहमा व्यक्तिगत र राजनीतिक प्रभावकै आधारमा विद्यार्थीलाई आन्तरिक मूल्याङ्कन र प्रयोगात्मक कार्यको अङ्क प्रदान गर्ने प्रचलन रहेको छ (खनाल, २०७६) सही मूल्याङ्कन भएन भने  विद्यार्थिहरूमा यस प्रतिको विश्वशनीयता हट्ने र उनीहरूको सक्रियता र सिर्जनशिलता घट्दै गई यसको असर उनीहरूको शैक्षिक उपलब्धिमा पर्ने भएकोले शिक्षक अझ सचेत बन्नुपर्ने देखिन्छ

## शिक्षकको व्यवहार, कक्षा व्यवस्थापन र शैक्षिक वातावरण

शिक्षकको व्यक्तित्व र व्यवहारः शिक्षकले जातीय, लैङ्गिक, वैचारिक, वर्गीय समानताका दृष्टिले हेरी सबै प्रकृतिका पहिचानलाई स्वीकार गरेर उक्त विषयमा संवेदनशील भइ बोल्नु र व्यवहार गर्नपर्छ। तल्लो तहमा अध्ययन गर्ने बालबालिकाले शिक्षकको हरेक कुराको अनुकरण गर्ने हुनाले शिक्षकको भूमिका साथी र अभिभावक जस्तै हुनु आवश्यक छ।

विद्यार्थीको शैक्षिक जीवनसँग जोडिएका शिक्षकको सम्बन्ध सम्बन्धित विभागका शिक्षक र अन्य विषय र विभागका शिक्षकसँग विद्यार्थी, अभिभावक तथा समाजसँग सुमधुर प्रकृतिको भयो भने विद्यार्थीलाई पाठ्यक्रमको उद्देश्यअनुरूप सिकाइ उपलब्धि हासिल गर्न सहयोग पुग्दछ। तर शिक्षकको नकारात्मक व्यवहारका कारण विभिन्न मुद्धाहरू उठ्ने गरेको समाचार कहिलेकाहीँ बाहिरिने गर्दछन् यस्तै सन्दर्भमा उच्च शिक्षामा शिक्षकको शिक्षणका बारेमा प्रश्न उठाउँदा प्रयोगात्मक परीक्षा र आन्तरिक मूल्ताङ्कनको नतिजामा तलमाथि हुने डरले नबोलेको सहभागीहरू बताउँछन्। उमेरका हिसाबले निकै परिपक्व भएका शिक्षकले बारम्बार फोन गरेर छात्राहरूलाई दुःख दिने गरेको आरोप पनि केही शिक्षकमाथि विद्यार्थीहरूले लगाएका छन्। उदाहरणका रूपमा एक जना सहभागीको अनुभूति यस्तो छः

> सरले राती-राती फोन गरेर हैरान लगाएपछि... एक जना शिक्षक र साथीहरूको सल्लाहअनुसार फोन उठाउन छोडें, अरूलाई पनि त्यस्तै गर्नँहुँदो रहेछ। केही भनूँ भने पनि असाइन्मेन्टमा नम्बर दिँदैनन् रे ! नभनूँ भने पछिका विद्यार्थीले पनि उही पीडा भोग्नुपर्ने...; पढाउने गुरुबाट नै मानसिक तनाब भएपछि कसरी पढ्ने ?

सम्बन्धित विभागका सबै शिक्षकसँग र अन्य विषय र विभागका शिक्षकसँगको सम्बन्ध र ाम्रो हुनुपर्छ। मिल्दा विषयवस्तुमा सबै विषयका शिक्षकहरू एक आपसमा छलफल गरेर नवीन तरिका आदान-प्रदान गरेपछि मात्र कक्षाकोठामा प्रवेश गर्ने शिक्षकको शिक्षण कौशल पनि समयसान्दर्भिक र प्रभावकारी हुन्छ। यस सम्बन्धमा सहभागी तीनको अनुभव यस्तो छः 'सम्बन्ध पनि व्यक्ति विशेषमै फरक पर्छ; हामीलाई पढाउने प्रभात सर ड्ड (परिवर्तित नाम) साह्रै मिलनसार हुनुहुन्छ, उहाँको कसैसँग पनि नराम्रो छैन तर राजेश सर (परिवर्तित नाम) को चाहिँ शिक्षक-शिक्षक सम्बन्ध, शिक्षक- विद्यार्थीबिचको सम्बन्ध र समाजसँगको सम्बन्ध पनि राम्रो देखिन्न।' यस्तै सहभागी चारको पनि अनुभव छ, 'शिक्षक कक्षाकोठामा गई सहपाठी शिक्षकको कुरा काट्ने, राजनीतिक आधारमा मात्र विद्यार्थीसँग सम्बन्ध र ाख्ने र केही सोध्यो भने उल्टै झपार्ने गर्दछन्।' शिक्षकप्रभावकारी हुनको लागि ऊ असल चरित्रको हुनुका साथै विद्यार्थीसँग मैत्रीपूर्ण व्यवहार गर्ने हुनुपर्छ। यसले विद्यार्थीलाई सिकाइका लागि डर, त्रासर हित वातावरण प्रदान गर्दछ, जसका कारण उनीहरूमा शिक्षक र उसले सिकाएका विषयवस्तुको बारेमा सकारात्मक सोच बन्दछ र उनीहरूले कुशलतापूर्वक सिक्न सक्छन् (सादेघी र बाबइ, सन् २००९)।

धेरै विद्यार्थीले विषयवस्तुलाई शिक्षकको व्यक्तित्वसँग जोड्ने गर्दछन् । शिक्षकको सकारात्मक र अनुकूल व्यक्तित्व र व्यवहारले सिकाइमा मनोवैज्ञानिक प्रभाव पर्दछ । यस सम्बन्धमा सहभागी एकको अनुभवः

> म हाइ स्कुलमा हुँदा एक जना नेपाली विषयका शिक्षक हुनुहुन्थ्यो, उहाँ विषयवस्तुमा धेरै जानकार हुनुका साथै विद्यार्थीप्रति सदैव सहयोगी र दयालु हुनुहुन्थ्यो सबैले उहाँलाई माया गर्थे र सबैले उहाँको विषयमा धेरै राम्रो पनि गर्दथे उहाँको व्यक्तित्वलाई म सम्मान गर्दै उहाँजस्तै शिक्षक बन्न चाहन्थें त्यसैले उहाँलाई मैले रोल मोडल बनाएँ र नेपाली पढ्न विश्वविद्यालय आएँ ।

व्यक्तिमा भएका आफ्नो पन झल्किने विशेषता नै उनीहरूका गुण हुन् । हामीले हालसम्म शिक्षाशास्त्रका विभिन्न विषयहरूमा पढ्दै आएका असल शिक्षकका गुणहरूमध्ये यस अनुसन्धानको शिलशिलामा केही फरक र केही उस्तै प्रकारका गुणहरू सहभागीको तर्फबाट आएका छन् शिक्षकका के-कस्ता व्यक्तिगत गुण र व्यवहार महत्त्वपूर्ण हुन्छन् भनी सोधिएको प्रश्नको उत्तरस्वरूप सहभागी एकको जवाफ यस्तो आएको छः

> विषयवस्तुलाई बुझाउन सक्ने क्षमता र चाहना; नवीन कुरा सिकाउन सक्ने; भिन्न पृष्ठभूमिबाट आएका विद्यार्थीहरूलाई समान दृष्टिले हेरी समान व्यवहार गर्न सक्ने; आत्मविश्वासी तथा मैत्रीपूर्ण सम्बन्ध कायम राख्न सक्ने; ... शिक्षकमा हुनुपर्ने गुणहरू हुन् जस्तो लाग्छ मलाई त । यहाँ उनले उठाएका विशेषताहरू सबै शिक्षकमा हुनु आवश्यक छ त्यसमा पनि नेपाल जस्तो विविधतायुक्त मूलुकमा हाम्रा कक्षाकोठाहरूमा भिन्न भिन्न भौगोलिक, सांस्कृतिक र भाषिक पृष्ठभूमिबाट आएका विद्यार्थीहरू हुने भएकाले शिक्षक यसप्रति विशेष सजक हुँदै आफ्ना शैक्षिक क्रियाकलाप सञ्चालन गर्नुपर्ने हुन्छ ।

**कक्षा व्यवस्थापन र शैक्षिक वातावरणः** शिक्षणलाई प्रभावकारी, उपलब्धिमूलक, स्तर अनुकूल र समयानुकूल बनाउन कक्षाकोठाको भौतिक व्यवस्थापन र शैक्षिक व्यवस्थापन दुवै पक्षले महत्त्वपूर्ण भूमिका खेल्छन् शिक्षक र विद्यार्थीका आन्तरिक र बाह्य पक्षहरूको अनुकूल उपयोग, परिचालनका निम्ति सचेततापूर्वक गरिएको भौतिक र शैक्षिक व्यवस्थापन नै कक्षा व्यवस्थापन हो (पौडेल, २०७४) पुस्तकालयको व्यवस्था र प्रयोग पनि कक्षा व्यवस्थापनको महत्त्वपूर्ण पाटो अन्तर्गत पर्दछ विद्यार्थीलाई तहगत रूपमा आवश्यक पर्ने पर्याप्त पुस्तकहरू पुस्तकालयमा व्यवस्थित गरी राखेर मात्र हुन्न, प्रयोगमा पनि ल्याउन शिक्षकले विद्यार्थीलाई प्रेरित गर्नुपर्छ। पुस्तकालयको व्यवस्था र प्रयोगका सम्बन्धमा सहभागीहरूका आ-आफ्नै अनुभव र विचारहरू रहेका भए पनि पुस्तकालयमा आवश्यक सामग्री नपाइने र विद्यार्थीको तर्फबाट पटक-पटक अनुरोध गर्दा पनि आवश्यक सन्दर्भ सामग्री नथपिने समस्या सबैको एउटै रहेको देखिन्छ यसैगरी हाम्रा क्याम्पसहरूमा सरसफाइ र खानेपानीको व्यवस्था तथा छात्रामैत्री वातावरण नहुँदा विशेष गरी छात्राहरूले विभिन्न समस्या भोग्नुपरेको बताएका छन् सहभागी दुईले आफ्नो पीडा बताइन् :

> मेरो मासिक चक्र चलेको समयमा धेरै पेट दुख्ने र रक्तश्राव पनि बढी नै हुने भएकोले म खासै क्याम्पस आउँदिन, यहाँका शौचालयमा पानी भए पनि सफा देखिन्न, ढोकामा छिड्किन छैन,

साबुन र सेनिटरी प्याडको व्यवस्था पनि छैन, कहिलेकाहीँ क्याम्पसमै भइहाल्यो भयो भने प्याड किन्न पनि टाढा जानुपर्छ...।

यो समस्या सहभागी दुईको मात्र नभई उपत्यका भित्रका सबै आङ्गिक क्याम्पसहरूमा रहेको छ भने तुलनात्मक रूपमा सामुदायिक केही क्याम्पसमा यो समस्या कम पाइएको छ। विद्यार्थीको सिकाइमा प्रत्यक्ष सम्बन्ध नदेखाए पनि भौतिक वातावरणको राम्रो व्यवस्था भएन भने विद्यार्थीलाई नकारात्मक असर पर्न सक्छ र उनीहरूको सिकाइ उपलब्धि राम्रो देखिँदैन। शिक्षण सिकाइमा कक्षाकोठाको बनावट, झ्याल ढोकाको अवस्था, कक्षाकोठाको परिवेश र टेबल कुर्सीको रखाइ (डेस्क बेन्चको उचित व्यवस्था), विद्यार्थीको बसाइ व्यवस्थापन, श्यामपाटीको रखाइ आदिका साथै पुस्तकालयको व्यवस्था र प्रयोग, सरसफाइ र खानेपानीको व्यवस्था, छात्रामैत्री र अपाङ्गमैत्री वातावरण आदिजस्ता विविध कुराहरू कक्षाको भौतिक वातावरण अन्तर्गत पर्दछन् पुस्तकालयको व्यवस्था र प्रयोगका सम्बन्धमा सहभागी पाँचको अनुभव: 'क्याम्पसमा सानो पुस्तकालय छ, आवश्यक पुस्तक नै छैनन् असाइन्मेन्ट गर्न पनि साह्रै गाह्रो, जति भने पनि सुन्ने होइन।' उनकै जस्तो कुरा सहभागी चारले पनि बताइन् यस्ता भौतिक पक्षहरूले पनि विद्यार्थीको सिकाइमा प्रभाव पारेको हुन्छ जाडो तथा गर्मी मौसमको प्रत्यक्ष असर विद्यार्थीमा नपरोस् भन्नका लागि कक्षाकोठामा राम्रोसँग हावा खेल्ने, कक्षाकार्य वा अन्य कुनै समयमा प्रत्येक विद्यार्थीको नजिक जान सहज हुने गरी टेबल-कुर्सीलाई सी आकारले राखिएको हुनुका साथै श्यामपाटीलाई सबै विद्यार्थीले सहजै देख्न सक्ने गरी व्यवस्था गरेर कक्षालाई व्यवस्थित बनाएपछि मात्र सिकाइमा सकारात्मक प्रभाव पर्दछ

खानेपानी तथा सरसफाइजस्तो अत्यावश्यक कुराहरू पनि क्याम्पसमा उचित व्यवस्था हुन नसक्दा आङ्गिक क्याम्पसतर्फ विद्यार्थीहरूको आकर्षण कम भएको हुन सक्छ। यस्ता विविध भौतिक पक्षहरूको ख्याल गरी उपयुक्त वातावरणको सिर्जना गर्ने कार्य शिक्षण संस्थाहरूले प्राथमिकतामा राख्नुपर्छ। शिक्षणलाई प्रभावकारी, स्तरअनुकूल र समयानुकूल बनाउन कक्षाकोठाको भौतिक वातावरण र शैक्षिक वातावरण दुवै पक्षको महत्त्वपूर्ण भूमिका हुन्छ यसका लागि हाम्रा शैक्षिक संस्थाको सम्पूर्ण बातावरण विद्यार्थीमैत्री हुन आवश्यक छ ।

**विद्यार्थीमैत्री वातावरण**: जबसम्म विद्यार्थी शारीरिक र मानसिक रूपले सिकाइका निमित्त तयार हुँदैनन् तबसम्म सिकाइ सफल हुन सक्दैन। यसका लागि शैक्षिक संस्थाको भौतिक र सामाजिक परिवेश अनुकुल हुन आवश्यक छ, ताकि उनीहरूले आफ्ना सिकाइ क्रियाकलाप निसङ्कोच र सहजताका साथ अघि बढाउन सकुन । कक्षाकोठाको शैक्षिक वातावरण र विद्यार्थीको सिकाइ उपलब्धिबिच प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ। यसलाई सकारात्मक बनाउन सर्वप्रथम विद्यार्थीलाई मानसिक रूपमा तयार गरेर मात्र शिक्षणको विषयवस्तुमा प्रवेश गर्नँपर्दछ विद्यार्थीलाई मानसिक रूपमा तयार पार्दा उनीहरूको रुचि, स्तर र क्षमताको ख्याल गर्दै विद्यार्थीमैत्री वातावरणमा शिक्षण कार्यलाई अगाडि बढाउनुपर्दछ । शैक्षिक वातावरण अन्तर्गत शैक्षणिक क्रियाकलाप, शैक्षिक सामग्रीको उचित व्यवस्थापन, शिक्षणमा क्रमिकता र प्रभावकारी सञ्चार तथा शिक्षण कौशल, शिक्षकको व्यवहार, शिक्षकका गुणहरू, कक्षागत तथा कार्यगत अनुशासन, अतिरिक्त क्रियाकलाप आदि कुराहरू पर्दछन् ।

सबै सहभागीका अनुसार हाम्रा विद्यालय तथा विश्वविद्यालयमा भौतिक र शैक्षिक दुवै वातावरण सन्तोषजनक छैनन् धेरैजसको सामुदायिक विद्यालयमा भौतिक वातावरण राम्रो नभएका कारण विद्यार्थीले विद्यालय छाड्ने गर्दछन् भने शिक्षकको व्यवहारका कारण विभिन्न मुद्दाहरू उठ्ने गरेको बताएका छन् ।

शिक्षकले कक्षाकोठामा प्रवेश गरेपछि अध्यापनका क्रममा विद्यार्थीहरूलाई विषयवस्तुसँग सम्बन्धित कौतुहलताका कुराहरू साथी समूह र शिक्षकसँग बिना हिचकिचाहट स्वतन्त्र ढङ्गले राख्न सक्ने विद्यार्थीमैत्री वातावरणको सिर्जना गर्नुपर्दछ। सहभागीहरूको तर्फबाट कक्षाकोठामा विद्यार्थीमैत्री वातावरण नभएको कुरा आएपछि 'कसरी शिक्षण गर्यो भने विद्यार्थीमैत्री हुन्छ त ?' भनी लेखकले उनीहरूसँग प्रश्न गर्दा सोही समूहको यस्तो उत्तर आएको छः

> विद्यार्थीको पृष्ठभूमि र मनोविज्ञान बुझेर कक्षा समयमा केही समय विद्यार्थीलाई प्रेरित गर्दै विषयवस्तुसँग सम्बन्धित अन्तरक्रिया गराउने, केही समय आफ्ना कुरा राख्ने, केही समय विद्यार्थीका कुरा सुन्ने र अन्त्यमा निचोडमा पुग्दा राम्रो हुन्छ ।

शिक्षकले आफ्नो कक्षा प्रस्तुतिको भाषा र शैलीप्रति विशेष ध्यान दिनुपर्ने हुन्छ। नेपालको सन्दर्भमा विद्यालय तहमा मात्र नभई उच्च शिक्षामा पनि भिन्न पृष्ठभूमि र क्षमता भएका विद्यार्थीहरूको उपस्थिति हुने भएकाले शिक्षकले शिक्षण गर्दा सर्वप्रथम सबै भाषा, जात, धर्म, संस्कृति र वर्गको सम्मान गर्दै राष्ट्रिय एकतालाई सुदृढ बनाउँदै कक्षाकोठामा प्रत्यक्ष रूपमा देखिने र सिकाइमा प्रत्यक्ष सम्बन्ध राख्ने भाषिक पहिचानलाई स्वीकार गरी सबैमा समान व्यवहार गर्न सक्यो भने मात्र विद्यार्थीमैत्री वातावरणको सिर्जना हुन सक्छ। भिन्न भाषिक पृष्ठभूमिका कारण पनि विद्यार्थीलाई भाषासम्बन्धी समस्या परेको हुन सक्छ। भाषासम्बन्धी समस्याका कारण नै विषयवस्तु नबुझेर विषय शिक्षकलाई नेपाली भाषामा व्याख्या गरिदिन अनुरोध गर्दा शिक्षकले होच्याएको कुरा केन्द्रित छलफल समूहले यसरी सुनायोः

> हामीले सरलाई मिश्रित भाषाको प्रयोग गर्न अनुरोध गर्दा मान्नुभएन अनि नेपाली विभागको विभागीय प्रमुख समक्ष कुरा राख्यौँ सरसँग त्यस विषयमा कुरा भएछ क्यारे ! उहाँले कक्षाकोठामा आएर हामीलाई मात्र होइन नेपालीका सरलाई समेत होच्याउँदै यहाँ कोहीभन्दा कोही कमको छैन, कसैले कसैलाई यो गर- उ गर भनिरहनु पर्दैन ... भन्दै खूब गाली गर्नुभयो, त्यसपछि हामी बोल्न छोड्यौँ .. .उहाँले हामीलाई अब भने बल्ल ठिक ठाउँमा आएछन् भन्नुभयो तर हामीले विषयवस्तु बुझेर नबोलेका होइनौँ ।

विद्यार्थीको उपर्युक्त अभिव्यक्ति निकै गम्भीर छ यहाँ शिक्षकले भिन्न भाषिक पृष्ठभूमिलाई स्वीकार गरेका छैनन् । यसैगरी नेपाली दोस्रो भाषीहरूका सम्बन्धमा नीतिगत आधार बनेको भए पनि अन्य विषयका साथै नेपाली भाषाशिक्षण पनि ज्यादै कमजोर स्थितिमा रहेको छ कहिलेकाहीँ नेपाली विषय शिक्षण गर्ने शिक्षकले नेपाली भाषालाई दोस्रो भाषाको रूपमा प्रयोग गर्दा उच्चारणमा फरक आउन सक्छ; यसलाई सुधार गर्न पनि कार्यशाला गोष्ठीले महत्त्वपूर्ण भूमिका खेल्छ तर त्यस्ता समस्या समाधानप्रति शिक्षक आफू नै सचेत हुनु जरुरी छ ।

हाम्रा कक्षाहरू अहिले पनि समावेशी हुन सकेका छैनन् (खनिया, २०७५, पृ. ३२) हाम्रा पाठ्यक्रम पाठ्यपुस्तक पनि समावेशी हुन नसकेको विचार राख्ने सहभागी एकको अनुभूति यस्तो छः

> विद्यालयदेखि विश्वविद्यालय तहसम्म एउटै मान्छेका रचना राखिएका, तहगत हिसाबले उपयुक्त भए पनि अन्य रचनाकारका चाहिँ नराख्ने त गर्नुभएन नि ? जसका रचना दोहोर्याई- तेहेर्याई र ाखिएको छ, उनीहरू नै हाम्रा पाठ्यक्रम समावेशी छैनन् भनेर अधिकारका कुरा उठाउँछन् ।... समावेशी नै बनाउने हो भने सबैतिरका लेखकहरूका रचना; जसले स्थानीयतालाई प्रथमिकता दिएका छन्, तिनीहरू राखे हुन्न र ?

यसको मतलव पाठ्यक्रम निर्माणमा मात्र होइन पाठ्यपुस्तकको लेखन र सम्पादन तथा त्यस भित्र समावेश गरिने पाठहरूमा पनि समावेशिता झल्किनु आवश्यक छ

## निष्कर्ष

यस अनुसन्धानले विद्यार्थीको दृष्टिकोणबाट हेर्दा कस्ता शिक्षण सिकाइ क्रियाकलापहरू रुचिपूर्ण र प्रभावकारी हुँदा रहेछन भन्ने बारेमा महत्त्वपूर्ण जानकारी दिएको छ विद्यार्थीले प्रभावकारी शिक्षणका निमित्त आवश्यक मुख्य तत्त्वको रूपमा विषयवस्तुको ज्ञान, शिक्षण कौशलसम्बन्धी गुण र शिक्षण सिपलाई विशेष जोड दिएका छन्। शिक्षणलाई प्रभावकारी बनाउन शिक्षकमा पर्याप्त विषयवस्तुको ज्ञान हुनका साथै विषयवस्तुको गहिराइमा पुग्न उसले नवीन विधि-प्रविधिसँग मात्र नभइ आफ्नो विषय क्षेत्रमा भएका र हुँदै गरेका नयाँ-नयाँ विकासक्रमसँग पनि उत्तिकै अध्यावधिक हुनुपर्ने देखिन्छ यसका लागि समसामयिक लेख-रचना तथा अनुसन्धान प्रतिवेदन तथा समसामयिक सवालका बहस, छलफल आदि स्रोतबाट आवश्यक सामग्री लिन सकिन्छ प्रवचनमुखी कक्षाका कारण विद्यार्थीको संवादात्मक, प्रश्नोत्तरात्मक र सिर्जनात्मक क्षमता कुण्ठित हुन्छ विद्यार्थी र शिक्षकबिच अनि विद्यार्थी विद्यार्थीबिचका अन्तरक्रिया र छलफलले उनीहरूलाई विषयवस्तुका विविध पक्षको चर्चा गर्दै त्यसको गहिराइसम्म पुग्न सघाउ पुर्याउँछ। यसैगरी प्रयोगात्मक सिकाइलाई प्रभावकारी बनाउन विद्यार्थीमैत्री वातावरण सिर्जना गरी उनीहरूलाई व्यक्तिगत र समूहगत कार्य, परियोजना कार्य आदि दिनुपूर्व आवश्यक र स्पष्ट मार्गनिर्देशन दिनुका साथै उनीहरूले दिइएका कार्य बुझाइसके पछि त्यसको मूल्याङ्कन गरी उनीहरूलाई उचित पृष्ठपोषणसहित प्रोत्साहन तथा हौसला प्रदान गर्न पर्दछ। निरन्तरको अभ्यासले सिकारुलाई उच्च सफलता दिलाउने भएकाले विद्यार्थीलाई यसका लागि उत्प्रेरित गर्दै शिक्षक
आफैँ पनि सदैव आफ्नो पेशागत उन्नयनमा लागिरहनु आवश्यक छ । यसका साथै पाठ्यक्रमले निर्दिष्ट गरेका शीर्षक, उपशीर्षकमा विषय शिक्षकको पर्याप्त ज्ञान भए पनि एकोहोरो प्रस्तुति दिने शिक्षकलाईभन्दा विषयवस्तुको प्रस्तुतिसँगै विद्यार्थीलाई रुचिपूर्ण हुने समसामयिक घटना र स्थानीय महत्त्वका सन्दर्भहरू लगायतका विषयवस्तुसँग सम्बन्धित बाह्य कुरा र विभिन्न सूचनामूलक जानकारी दिने शिक्षकलाई विद्यार्थीहरूले बढी रुचाएका र उनीहरूप्रति सकारात्मक दृष्टिकोण राखेको पाइएको छ । आफ्नो अध्यापन कार्यप्रति विद्यार्थी सन्तुष्ट भए-नभएको कुरा बेला- बेलामा पत्ता लगाउँदै विद्यार्थीका अपेक्षा र पाठ्यक्रमका निर्दिष्ट उद्देश्यलाई समेत ख्याल गर्दै सुधारात्मक शिक्षण गरियो भने शिक्षणको प्रभावकारिता बढ्ने कुरामा दुई मत छैन ।

## सन्दर्भसूची

कुँवर, नेत्रबहादुर (२०७६, असार २७), अभिभावक, विद्यार्थी र शिक्षकको सम्बन्ध, नेपाल रैवार डट कम, साभार https://www.nepalraibar.com/blog/15224/

क्षेत्री, रोशन (२०७७, जेठ २९), सिकाइ उपलब्धि ओरालोलाग्दो, एजुकेशन पाटी, साभार https://educationpati.com/educationnews221109/

खनिया, बुद्धराज (२०७५), नेपाली भाषा शिक्षणः सिद्धान्त र प्रयोग, जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रा.लि. ।

ढकाल, महानन्द (२०७६), सिकाइ उपलब्धि र सामुदायिक विद्यालय, खबर एजुकेशन शिक्षाका लागि सञ्चार, साभार https://khabareducation.com/251/

दाहाल, भोलाप्रसाद (२०६६), असल शिक्षक असल विद्यार्थी पनि हो, शिक्षक मासिक, वैशाख / अंक १३, साभार https://www.shikshakmasik.com/878/%E0%A4%85%E0%A4%B8%E0%A4%B2

देवकोटा, हरिराम (२०७७, पुस ९), विद्यालयमा जीवविज्ञान पढाउने केही विधि र शैली, शिक्षक मासिक, साभार https://www.shikshakmasik.com/3958/%E0%A4%B5%E0%A4%BF%E0%A4%A6%E0 %A5%8D%E0%A4%AF%E0%A4%BE%E0%A4%B2%E0%A4%AF%E0%A4%AE% E0%A4%BE-

पौडेल, माधव प्रसाद (२०७४), नेपाली भाषाशिक्षण, विद्यार्थी प्रकाशन प्रा. लि. मगर, सन्त गाहा (२०७९, साउन १०), कसरी सुधार्ने सरकारी विद्यालय, हिमाल खबर, साभार https://www.himalkhabar.com/news/131345

राई, वसन्ती (२०७७, भाद्र ६), वैकल्पि शिक्षा प्रणालीमा मदन बाजे, नागरिक शनिबार, साभार https://nagariknews.nagariknetwork.com/arts/313461-1598072195.html

रौनियार, रूबी (२०७८, भाद्र ५), सिकाइ उपलब्धि ५० प्रतिशत पनि पुगेन, नागरिक दैनिक, साभा https://nagariknews.nagariknetwork.com/education/604321-1629512461.html

शर्मा, प्रतिभा (२०७४, पुस २३), प्रभावकारी सिकाइका लागि असल शिक्षकका गुणहरू, एभरेष्ट दैनिक, साभार https://everestdainik.com/2018/01/145213/

शिक्षक टिम (२०६७ क), शिक्षक समीक्षा, शिक्षक मासिक, वैशाख / अंक २५, साभार https://www.shikshakmasik.com/1131/%E0%A4%B6%E0%A4%BF%E0%A4%9 5% E0%A5%8D%E0%A4%B7%E0%A4%95-

शिक्षक टिम (२०६७ ख), सफल नागरिकका असल शिक्षक, शिक्षक मासिक, कार्तिक / अंक ३१, साभार https://shikshakmasik.com/1238/%E0%A4%B8%E0%A4%AB%E0%A4%B2-

शिक्षा संसार (२०७६, जेठ ८), असल शिक्षकका विशेषता, शिक्षा संसार, साभार https://shikshasansar.com/2019/05/10011/

Barkley, E. F., & Major, C. H. (2018 ). Interactive lecturing: A handbook for college faculty. Jossey-Bass.

Basow, S. A. (2000). Best and worst professors: Gender patterns in students' choices. Sex Roles, 45, 407-417.

Braun, V., & Clarke, V. (2006). Using thematic analysis in psychology. Qualitative Research in Psychology, 3 (2), 77-101. doi: 10.1191/1478088706qp063oa

Brookfield, S. D. (2015). The skillful teacher: On technique, trust, and responsiveness in the classroom (3rd ed.). Jossey-Bass.

Brosh, H. (1996). Perceived characteristics of an effective language teacher. Foreign Language Annals, 29 (2), 25-38.

Chan, W. (2018). Teaching in higher education: Students' perceptions of effective teaching and good teachers. Social sciences and education research review, 5 ( 1 ), 40-58.

Charmaz, K. (2006). Constructing grounded theory: a practical guide through qualitative analysis. SAGE Publications.

Cortazzi, M., & Jin, L. (1996). Cultures of learning: Language classrooms in China. In H. Coleman (Ed.). Society and the language classroom (pp. 169-206). Cambridge University Press.

Cotterall, S. (1999). Key variables in language learning: What do learners believe about them? System, 27(4), 493-513.

Denzin, N., & Lincoln, Y. S. (2005). The Sage handbook of qualitative research. SAGE.

Devlin, M., & Samarawickrema, G. (2010). The criteria of effective teaching in a changing higher education context. Higher Education Research & Development, 29(2), 111-124. https://doi.org/10.1080/07294360903244398

Glaser, B. G., & Strauss, A. L. (2006). The discovery of grounded theory: Strategies for qualitative research. Aldine Transaction.

Hande, H. S., Kamath, S. R., & D'Souza, J. (2014). Students' perception of effective teaching practices in a medical school. Education in Medicine Journal, 6(3), 63-66. doi:10.5959/eimj.v613.247

Jin, L., & Cortazzi, M. (1998). Dimensions of dialogue: large classes in China. International Journal of Educational Research, 29(8), 739-761.

Ko, J., & Shammons, P. (with Bakkum, L.). (2016), Effective teaching [review reoprt]. Education Development Trust.

Kourieos, S., & Evripidou, D. (2013): Students' perceptions of effective EFL teachers in university settings in Cyprus. English Language Teaching. Retrieved from http://dx.doi.org/10.5539/elt.v6n11p1

Krathwohl. D. R. (2002). A revision of Bloom's taxonomy: An overview. Theory into Practice, 41, 212-218. https://doi.org/10.1207/s15430421tip4104_2

Lumpkin, A. (2020). Effective teaching and learning-A five-step process. Journal of Education and Culture Studies, 4 (3). doi:10.22158/jecs.v4n3p32

Nasser-Abu Alhija, F. (2017). Teaching in higher education: Good teaching through students' lens. Studies In Educational Evaluation, 54, 4-12. doi: 10.1016/j.stueduc.2016.10.006

Sadeghi, K., & Babai, H. (2009). Becoming an effective English language teacher: Living up to the expectations of L2 learners and teachers of English. VDM Verlag.

Thomas, D.R. (2006). A general inductive approach for analyzing qualitative evaluation data. American Journal of Evaluation, 27(2), 237-246.

Vadillio, R. S. M. (1999). Research on the good language teacher. EPOS, 15, 347-361.

Woods Jr, R. H., Badzinski, D. M., Fritz, J. M. H., & Yeates, S. E. (2012). The "ideal professor" and gender effects in Christian higher education. Christian Higher Education, 11(3), 158-176.